# विरुवा स्वस्थताको उपायहरुका लागि राष्ट्रिय मापदण्ड

## एन. एस. पि.एम : २४

## विरुवा स्वस्थताका उपायहरुको समभारता समतुल्य पहिचान र निर्धारण लागि मार्गनिर्देश

## २०१३

राष्ट्रिय प्लाण्ट क्वारण्टिन कार्यक्रमको हरिहरभवन, ललितपुरको अग्रसरता र NEAT Activity/USAID, को आर्थिक सहयोगमा विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स-नेपाल) का विशेषज्ञहरुबाट प्रस्तुत 'विरुवा स्वस्थताका उपायहरुका लागि राष्ट्रिय मापदण्ड' तयार भएको हो ।

राष्ट्रिय प्लाण्ट क्वारण्टिन कार्यक्रमको अनुरोधमा, **राष्ट्रिय बाली संरक्षण संगठन** र **शुद्धता र विरुवा स्वस्थता कार्यान्वयन समिति**को २०७० बैशाख ३० देखि २०७० जेष्ठ २ गतेसम्मका बैठकहरुमा १६ वटा मस्यौदाहरु उपर छलफल भएको थियो ।

संलग्न **" विरुवा स्वस्थताका उपायहरुको समभारता समतुल्य पहिचान र निर्धारण लागि मार्गनिर्देश"** नामक मापदण्ड मिति २०७० बैशाख ३१ गते उपरोक्त दुबै बैठकमा छलफल भई **शुद्धता र विरुवा स्वस्थता कार्यान्वयन समिति**को २०७० जेष्ठ २ गतेको बैठकले आवश्यक सुझावसहित स्वीकृत गरेको छ । उपरोक्त सुझावहरु प्रस्तुत मापदण्डमा समावेश गरिसकिएको छ ।

७ जुन २०१३

# विषयसूची


१. परिचय ..... 1

**१.१ कार्यक्षेत्र** ..... 1

**१.२ सन्दर्भ सामाग्रीहरु** ..... 1

**१.३ परिभाषा** ..... 1

**१.४ आवश्यकताहरुको प्रारुप** ..... 2

२. पृष्ठभूमि ..... 2

३. आवश्यकताहरु ..... 3

**३.१ सामान्य विचार** ..... 3

**३.२ सामान्य सिद्धान्त र आवश्यकताहरु** ..... 5

३.२.१ समप्रभुत्वताको अधिकार ..... 5

३.२.७ समयको चुस्तता ..... 8

४. समभारताको सप्रयोगका लागी विशिष्ट आवश्यकताहरु ..... 8

**४.१ तोकिएको खास शत्रुजीव र वस्तुहरु** ..... 8

**४.२. विद्यमान उपायहरु** ..... 8

**४.३. परामर्शमा प्रवेश** ..... 8

**४.४ समर्थित प्रक्रिया** ..... 8

**४.५ समभारता निर्धारणमा विचार पुऱ्याउनुपर्ने कुराहरु** ..... 8

**४.६ व्यापारको रोकावट रहित** ..... 9

**४.७ पहुंचको प्रावधान** ..... 9

**४.८ समीक्षा र अनुगमन** ..... 9

**४.९ कार्यान्वयन र पारदर्शिता** ..... 9

अनुसुची १: समभारता निर्धारणका लागि प्रक्रियाहरु ..... 10

Annex 1: Procedure for equivalence determination ..... 12

# १. परिचय

## १.१ कार्यक्षेत्र

यो मापदण्डको विरुवा स्वस्थताको उपायहरुको समभारताको पहिचान र निर्धारण सम्बन्धी सिद्धान्त र आवश्यकताहरुको बारेमा व्याख्या गर्दछ । यसले अन्तर्राष्ट्रिय व्यापारमा समभारता निर्धारणका लागि आवश्यक प्रकृयाहरुका बारेमा पनि व्याख्या गर्दछ ।

यो राष्ट्रिय विरुवा स्वस्थताको उपायको मापदण्डको अर्न्राष्ट्रिय विरुवा संरक्षण महासन्धिको मार्गदर्शनहरु र सुझावहरुको आधारमा तयार गरिएको छ । यो मापदण्डले अन्तर्राष्ट्रिय विरुवा स्वस्थताका उपायका मापदण्डका सिद्धान्तहरु, सुझाँवहरु र फर्म्याटहरु अनुसरण गरेको छ । जसबाट व्यापार सहजीकरणका साथै अन्तर्राष्ट्रिय समरुपीकरण (International Harmonization) कायम गर्नमा पनि सहयोग पुग्नेछ ।

## १.२ सन्दर्भ सामाग्रीहरु


IPPC. 1997. International Plant Protection Convention. Rome, IPPC, FAO.

ISPM 1. 1993. Principles of plant quarantine as related to international trade. Rome, IPPC, FAO. [Published 1995] [Revised; now ISPM 1: 2006]

ISPM 2. 1995. Guidelines for pest risk analysis. Rome, IPPC, FAO. [Published 1996] [Revised; now ISPM 2: 2007] Principles of plant quarantine as related to international trade, 1995

ISPM 5. Glossary of phytosanitary terms. Rome, IPPC, FAO.

ISPM 7. 1997. Export certification system. Rome, IPPC, FAO.

ISPM 11. 2004. Pest risk analysis for quarantine pests including analysis of environmental risks and living modified organisms. Rome, IPPC, FAO.

ISPM 13. 2001. Guidelines for the notification of non-compliance and emergency action. Rome, IPPC, FAO.

ISPM 14. 2002. The use of integrated measures in a systems approach for pest risk management. Rome, IPPC, FAO.

ISPM 15. 2002. Guidelines for regulating wood packaging material in international trade. Rome, IPPC, FAO. [Revised; now ISPM 15:2009]

ISPM 21. 2004. Pest risk analysis for regulated non-quarantine pests. Rome, IPPC, FAO.

WTO. 1994. Agreement on the Application of Sanitary and Phytosanitary Measures. Geneva, World Trade Organization.

ISPM 24. Guidelines for the determination and recognition of equivalence of phytosanitary measures. Rome, IPPC, FAO

Plant Quarantine Process Manual". 2067/068. Adopted by the NPQP, Plant Protection Directorate of Department of Agriculture, Ministry of Agriculture Development of Government of Nepal, 2067/068


## १.३ परिभाषा

विरुवा स्वस्थता उपायहरुका लागि अन्तर्राष्ट्रिय मापदण्ड (ISPM) ५, २०१० अनुसार “तोकिएको खास शत्रुजीव जोखिमको लागि विरुवा स्वस्थताका विभिन्न तोकेको उपयुक्त संरक्षणको तह प्राप्त भएको अवस्था जनाउदछ” ।

### १.४ आवश्यकताहरुको प्रारुप

वस्तुहरुको अन्तर्राष्ट्रिय ओसारपसारका लागि विरुवा स्वस्थताको उपायहरुको समभारता महत्वपूर्ण छ । किनभने विरुवा स्वस्थाताको विभिन्न किसिमका उपायहरु उपलब्ध छन जसको अभिप्राय प्रभाव उस्तै हुन्छन् । त्यस अवस्थामा समभारता सामान्यतया अवलम्बन हुन्छ जहां विरुवा स्वस्थताको उपायहरु पहिले नै उपलब्ध हुन्छन्। (तोकिएको खास शत्रुजीव व्यापारिक वस्तु वा संगसंगै रहने) । समभारताको निर्धारण तोकिएको शत्रुजीव जोखिममा आधारित हुनुपर्दछ र आयात गर्ने देश र निर्यात गर्ने देशको NPPO हरु वीच विरुवा स्वस्थताका उपायहरुको बारेमा सूचना र मूल्यांकन आदानप्रदान पनि गर्दछ र समभारता प्रत्येक उपायहरुमा लागू हुनु पर्ने हुन्छ, विभिन्न उपायहरुको संयुक्त रुपमा, अथवा प्रणालीगत एकीकृत उपायहरु -उदाहरणका लागिः समभारित, दिगो र संभव भएको मिथाईल ब्रोमाइडको विकल्पहरुको विकास र उपयोग गर्नु पर्दछ) ।

यो सिद्धान्तले उस्तै प्रभाव भएका विरुवा स्वस्थताका उपायहरुको समभारता पहिचान गर्न आवश्यक छ । त्यसकारण, शत्रुजीवको चाहेको तह सम्मको नियन्त्रण हुंदा सम्म आधिकारिक नियन्त्रण कार्यक्रम उस्तै हुनु पर्छ भन्ने जरुरी छैन । निर्यात गर्ने साझेदारले आयात गर्ने साझेदार संग सुचनाको लागि आग्रह गर्न सकोस ताकी यसका प्रचलित उपायहरुले संरक्षणको उचित तह पूरा गर्न सक्छ ।

## २. पृष्ठभूमि

विरुवा, विरुवाजन्य आज गैह्र काष्ठ वन्यजन्यवस्तु (NTFPs) समेतको आयातले आयात गर्ने देशको विरुवाको जीवन र स्वास्थ्य अवस्थामा जोखिम निम्त्याउन सक्दछ । उक्त जोखिमको अनुमान तथा उचित खालको जोखिम व्यवस्थापनको विकल्पहरुको छनौट, विरुवाको स्वास्थ्यमा र उत्पादन प्रणालीमा भएका पृथकताहरुका कारण बढि जटिल बनेका छन । हाल आएर यो कुरा पहिचान गरिएको छ कि विरुवाको स्वास्थ्य र उत्पादन प्रणाली फरक भएता पनि अन्तर्राष्ट्रियता व्यवस्थाको प्रयोजनका लागि विरुवाको स्वास्थ्य संरक्षरणका लागि समभारता प्रदान गर्नसक्छ, आयात यसवाट र निर्यात गर्ने दुवै देशलाई फाईदा हुने गर्दछ ।

विरुवा वा विरुवाजन्य वस्तुहरुको व्यापार हुनु भन्दा अगाडि, आयात गर्ने देश विरुवाको स्वास्थ्य अवस्था उचित ढंगबाट संरक्षित छ भन्ने कुरामा सन्तुष्ट हुनु पर्नेछ । प्रायःजसो अवस्थाहरुमा जोखिम व्यवस्थापनका उपायहरु प्रणालीमा निर्यात गर्ने देशको) विरुवाको स्वास्थ्य र उत्पादन गरिएको छानविन र विरुवा स्वस्थताका लागि अवलम्बन गरिएका उपायहरुको प्रभावकारितामा भर पर्दछ । आयात गर्ने देशमा लागु गरिएका पद्धतिहरु निर्यात गर्ने देश संग मेल नखान सक्दछ । फरक पर्ने विषयहरु जस्तै भौतिक पूर्वाधारहरु, नीति नियमहरु, कार्यपद्धतिहरु, प्रयोगशालाको पद्धतिहरु, शत्रुजीव र रोगहरुको उपस्थिति भए अपनाईने क्रियाकलापहरु सिमा सुरक्षा र आन्तरिक ओसार पसारको नियन्त्रण आदि जस्ता विषयहरु फरक हुन सक्दछ ।

कृषिजन्य सामग्रीको निर्यातका लागि धेरै कुराहरुको विचार पुऱ्याउनुपर्ने आवश्यकता छ । आयात गर्ने देशको विरुवा स्वस्थताको चुस्त दुरुस्त आवश्यकताहरु प्राप्त हुनासाथ निर्यात गर्ने देश वा त्यस देशको NPPO ले विरुवाको स्वास्थ्य संरक्षणका लागि उस्तै अथवा समतुल्य खालका उपायहरुको निर्धारण गर्नुपर्दछ ताकी आयात गर्ने देशको आवश्यकताहरु पुरा गर्न सकियोस । कुनै पनि वस्तुको आयातको लागि सरल, विचारणीय प्रयास, दक्षता र खर्चको आवश्यकता पर्दछ ।

प्रत्येक साझेदारले वैज्ञानिक आधारका प्राविधिक तथ्यहरुको समर्थन गर्नु पर्दछ । विरुवा स्वस्थताको उपायहरु आफ्ना उपायहरु भन्दा फरक छन वा उस्तै उत्पादनका लागि पनि यस्ता उपायहरु फरक छन भने पनि यदि निर्यात गर्ने साझेदारले आयात गर्ने साझेदारको विरुवा स्वस्थताका लागि अपनाईने उपायहरुले विरुवा स्वस्थताको संरक्षणको उचित तह प्राप्त गर्नसक्छ भनी उक्त साझेदारको विरुवा स्वस्थताका उपायहरु समभारको रुपमा लिनुपर्दछ । यो उद्धेश्यका लागि आयात गर्ने साझेदारको आग्रह भएको खण्डमा जांच, परिक्षण र अन्य प्रक्रियाका लागि पहुंचको व्यवस्था मिलाईनुपर्नेछ ।

आयात गर्ने देशले प्रचलित विरुवा स्वस्थताका उपायहरु वा प्रस्तावित वैकल्पिक उपायहरुले कसरी समान स्तरको संरक्षण गरेका छन भन्ने कुरा वस्तुगत हिसाब मै प्रदर्शन गर्नुपर्नेहुन्छ । उस्तै खालका वा दोहोरो उपायहरुका लागि यो आवश्यक पर्दैन र सबै सदस्य राष्ट्रहरुमा तिनीहरुको विकासको स्तर संग सम्बन्धित नरहेरै लागु गर्न सकिन्छ । यद्यपी समभारताको निर्यात गर्ने देशले प्रदर्शन गर्नु पर्दछ र आयात गर्ने देशले समर्थन गर्नु पर्नेछ । समभारताको निर्धारण तोकिएको शत्रुजीव जोखिममा आधारित हुन्छ र आयात र निर्यात गर्ने NPPO हरुको बीचमा सूचना तथा मुल्यांकनको आदान प्रदान समावेश हुन्छ । यस्ता उपायहरु प्राविधिक हिसावले न्यायिक हुनु पर्नेछ र पारदर्शिताको सिद्धान्तलाई सम्मान गरेको हुनुपर्नेछ (भेदभाव रहित समभारताको) । यो मापदण्डले विरुवा स्वस्थताको आयात आवश्यकताहरुको मेल खोजेको छ र आयात गर्ने देशको विरुवा स्वस्थताको आवश्यकता पुरा गर्नका लागि समभारता पहिचान गर्न खोजेको छ ।

## ३. आवश्यकताहरु

### ३.१ सामान्य विचार

समभारता सामान्य सिद्धान्तको रुपमा ISPM १: १९९३ को नं ७ मा व्याख्या गरिएको छ । समभारता विरुवा स्वस्थ्यका ती उपायहरु जुन समान छैनन तर असर समान छ । त्यस्ता उपायहरुलाई देशले समभार उपायको रुपमा पहिचान दिनु पर्दछ । प्राविधिक आवश्यकताहरुको समभार भन्नाले दुइवटा साझेदारहरुको आवश्यकताहरु नतिजा समान छ तर ती आवश्यकताहरु फरक छन भन्ने वुझिन्छ । समभारताको निर्धारणका लागि प्रचलित, समीक्षा गरिएको वा प्रस्तावित उपायहरुको आयात गर्ने देशले वस्तुगत, जोखिममा आधारित मुल्यांकन गर्नु जरुरी छ ।

आयात गरिने वस्तु सँगै क्वारेन्टाइन शत्रुजीवको आगमनलाई रोक्नका लागि विरुवा स्वस्थताका उपायहरुको आवश्यकता पर्दछ । यस्ता उपायहरु खास वस्तुको लागि उचित हुनु आवश्यक छ र उक्त वस्तुको क्वारेन्टाइन शत्रुजीव विरुद्ध प्रभावकारी हुन पनि जरुरी छ ।

सदस्य राष्ट्रहरुले ठुलो क्षेत्र ओगटेका छन र विभिन्न प्रकारका शत्रुजीवहरु उपस्थित छन । त्यस्तै गरी भिन्न भौगोलिक वितरण र आश्रयदाता विरुवाहरुको फैलावटका कारणले, वस्तुहरुको आयातको लागि देशैपिच्छेका विरुवा स्वस्थताका आवश्यकताहरु फरक पर्न सक्दछन् ।

विरुवा स्वस्थताको व्यवस्थापनका विकल्पहरुको विकासका लागि सदस्य राष्ट्रहरुले समभारताको सिद्धान्तलाई विचार पुऱ्याउनुपर्ने हुन्छ र त्यसकारण फरक फरक किसिमको समतुल्य हुने वा समान असर हुने उपायहरु एवं उपचारिय तरिक प्रयोग गर्नु पर्ने हुन्छ । वैकल्पिक विरुवा स्वस्थताको वैकल्पिक व्यवस्थापन उपायहरु निम्न छन्

●तापद्धारा उपचार,

● चिसो बाट निसंक्रमण,

● रासायनिक निसंक्रमण,

● क्षेत्र स्वतन्त्रता,

● प्रणालीगत विधि

● समतुल्यको लाागि सम्भव हुने मुलुकमा माथि उल्लेखित सबै उपायहरुको एकिकरण विचार योग्य हुन सक्दछ ।

सदस्य राष्ट्रहरुले अन्य सदस्यहरुको स्वस्थता वा विरुवा स्वस्थताको उपायहरुलाई समभारको रुपमा समर्थन गर्नुपर्दछ, (WTO- SPS Agreement को धारा ४)

समभारताको पहिचानको प्रक्रिया भनेको विरुवा स्वस्थताको वैकल्पिक उपायहरुको वस्तुगत परिक्षण हो । जसले ती उपायहरुले आयात गर्ने देशको प्रचलित उपायहरुले जस्तै संरक्षणको उचित तह प्राप्त गर्न सक्छन कि सक्दैनन भन्ने कुराको निर्धारण गर्दछ ।

तोकिएको खास शत्रुजीव जोखिमको व्यवस्थापनका लागि र सम्झौता गरिएका साझेदारको विरुवा संरक्षणको उचित तह प्राप्त गर्नका लागि, निम्न कुराहरुमा लागु हुन सक्छ :

१. एकल उपायमा

२. विभिन्न उपायहरुको एकिकृत रुपमा

३. प्रणालीगत रुपको एकीकृत उपायहरु

पुरै प्रणालीलाई नै परिवर्तन गर्नु भन्दा वैकल्पिक उपायहरु समभारताको रुपमा एक वा बढी एकीकृत उपायहरुको लागि प्रस्तावित गर्न सकिन्छ । समभारताको व्यवस्थापन एउटामात्रै खेपलाई गर्नुभन्दा पुरै वस्तुहरुमा लागु हुने खालको हुनुपर्दछ ।

यो मापदण्डले स्वस्थताको उपायहरु भएको र नयाँ उपायहरु प्रस्तावित गर्ने आयतकर्ता मुलुकलाई पर्याप्त मागदर्शन उपलब्ध गराउँदछ । निर्यात गर्ने देशले आयात गर्ने देशलाई विरुवा संरक्षणको उचित तह प्राप्त गर्नका लागि वैकल्पिक उपायहरु प्रस्ताव गरेको हुन्छ । वैकल्पिक उपायहरु त्यसपछि समभारताको लागि मुल्यांकन गरिन्छ । समभारता निर्धारण सामान्यतया आयात र निर्यात गर्ने देशहरु वीचको द्धिपक्षीय प्रक्रिया हो ।

## ३.२ सामान्य सिद्धान्त र आवश्यकताहरु

### ३.२.१ समप्रभुत्वताको अधिकार

आयात गर्नेसंग आफ्नो क्षेत्रभित्र विरुवाको जीवन र स्वास्थ्य संग सम्बन्धित रहेर विरुवा संरक्षणको तह तय गर्ने समप्रभुत्व अधिकार निहित रहन्छ, त्यसैगरी समभारताको निर्धारण गर्ने अधिकार पनि हुन्छ ।

आफ्नो क्षेत्रभित्र क्वारेन्टाइन शत्रुजीव छिर्न नदिनका लागि कुनै पनि देशले विरुवा स्वस्थताको उपायहरुको उपयोग गरी विरुवा र विरुवाजन्य उपज र अन्य सामाग्रीहरु जसले शत्रुजीवहरुलाई आश्रय दिन सक्छन त्यस्ता वस्तुहरुको प्रवेशलाई निगमन गर्न सक्ने समप्रभुत्वको अधिकारको अभ्यास गर्न सक्दछ । सम्झौता गरिएको साझेदारसंग विरुवा, विरुवाजन्य उपज र अन्य नियमित गरिएका सामग्रीहरुको प्रवेशलाई नियमन गर्न सक्ने समप्रभुत्व अधिकार निहित हुन्छ (IPPC को धारा ६.१) ।

### ३.२.२ अन्य सम्बन्धित सिद्धान्तहरु

समभारताको मुल्यांकनमा, सम्झौता गरिएको साझेदारहरुले निम्न सिद्धान्तहरुलाई ध्यान दिनुपर्नेछः

न्यूनतम असर

विरुवा स्वस्थताको उपायहरु समरुपिकरण हुनुपर्नेछ, र न्यूनतम निषेध गर्ने खालका उपायहरुको प्रतिनिधित्व गरेको हुनुपर्नेछ जसले मानिस, वस्तुहरु र ओसारपसार गराउने सामाग्रीहरुको ओसारपसारमा न्यूनतम बाधा पुऱ्याओस् ।

परिवर्तन/परिमार्जन

परिर्वति अवस्था एवं आयातकर्ताको आवश्यकता वमोजिम विरुवाहरुको स्वस्थताका उपायहरुलाई समय सापेक्ष एवं परिमाजर्न गर्द लैजानु पर्ने हुन्छ । व्यापार प्रर्वन, सहजीकरण र विरुवा वा विरुवा जन्य उपजको संरक्षणको लागि अनुउयुक्त देखिएका अनावश्यक उपायहरु हटाउनु पर्दछ । विरुवा स्वस्थताको उपायहरु परिवर्तन गर्ने सिलसिलामा कतिपय नियम संम्वत नभएका मौजुदा उपायहरुलाई निषेध गरेर पनि समतुल्यमा आधारित उपायहरु तयार र लागु गर्न निर्यातकर्ता मुलुक तत्पर रहनु पर्दछ ।

पारदर्शिता

सदस्य राष्ट्रहरुले आफ्ना आवश्यकताहरु, निषेधहरु प्रकाशित र प्रसारण गर्नुपर्दछ र साथै यस्ता उपायहरुको सारांश आग्रह गरिएको खण्डमा अन्य सदस्य राष्ट्रहरुलाई उपलब्ध गराउनु पनि पर्दछ ।

समरुपिकरण

विरुवा स्वस्थताको उपायहरु संभव भएसम्म अन्तर्राष्ट्रिय मापदण्डहरु, मार्गनिर्देशन र सिफारिशको आधारमा र IPPC को रुपरेखा भित्र रही विकसित गरिएको शत्रुजीव जोखिम विश्लेषण तरिकाको प्रयोग गर्नुपर्दछ ।

**व्यवस्थित जोखिम**

क्वारेन्टाइन शत्रुजीवको आगमनमा केही जोखिम सधैं रहन्छ, त्यसकारण सदस्य राष्ट्रहरुले विरुवा स्वस्थताको उपायहरुको तयार गर्दा जोखिम व्यवस्थापनको नीति समर्थन गर्नुपर्नेछ । पहिलो प्रकारको जोखिम मुल्यांकन आवश्यक छ। दोश्रोमा भयानक प्रभावको सम्भावनाको मुल्यांकन जरुरी छ ।

**भेदभाव रहित**

विरुवा स्वस्थताको समान अवस्था भएका देशहरुमा यदि यस्ता देशहरुले शत्रुजीव व्यवस्थापनमा अन्य देशहरुले जस्तै विरुवा स्वस्थताका उपायहरु अवलम्बन गरेको छ वा समभारको अबलम्बन बारेको छ भनी प्रदर्शन गर्न सकेको खण्डमा भेदभावरहित व्यवहार गर्नु पर्दछ । देशभित्र क्वारेन्टाइन शत्रुजीवको सन्दर्भमा पनि, आयातीत वस्तुहरु र स्थानिय वस्तुहरु बिच पनि कुनै खालको भेदभाव हुनु हुदैन ।

**झगडाको मिलोमतो**

विरुवाको स्वस्थताको उपायहरु संग सम्बन्धित कुनै खालका झगडाहरु भएका द्विपक्षीय प्राविधिक तह मा छिनोफानो गर्नु उत्तम मानिन्छ । यदि समयमै यसको समाधान भएन भने बहुपक्षीय तहको माध्यमबाट थप कार्यवाही अगाडी वढाउनु पर्छ ।

**कार्यगत सिद्धान्तहरु :**

PRA, शत्रुजीवको सुची तयार, शत्रुजीवमुक्त क्षेत्रको पहिचान र कम शत्रुजीव भएको क्षेत्रको पहिचान, निगमन गरिएका शत्रुजीवहरुको आधिकारीक नियन्त्रण, प्रणालीगत स्वरुप, सर्भेलेन्स, शत्रुजीवको प्रतिवेदन, विरुवा स्वस्थताको प्रमाणपत्र, विरुवा स्वस्थता कन्साइनमेन्टहरुको सुरक्षा, तुरुन्त कार्यवाही, आकस्मिक उपायहरु, अनावश्यक दिलाईबाट मुक्त, नमिलेका कुराहरु सूचित गर्ने ।

### ३.२.३. समभारताको प्राविधिक पुष्ट्याई

समभारताको न्यायिक छानविनाका लागि विरुवा स्वस्थताका उपायहरुको तोकिएको शत्रुजीवको जोखिम निराकरण मा तिनीहरुको प्रभावकारिता निर्धारण गर्नका लागि मुल्यांकन जरुरी छ, PRA बाट पहिचान गरिएको (NSPM NO. 11) सम्झौता गरिएको साझेदारहरुको विरुवा स्वस्थताको पद्धति वा कार्यक्रम जसले ती उपायहरुको कार्यन्वयन गर्नका लागि सहयोग गर्दछ, त्यस्ता उपायहरुको मुल्यांकन गरी समभारता निर्धारण गरिन्छ । यदि निर्यात गर्ने वस्तुगत रुपमा आफ्ना उपायहरुले आयात गर्ने देशको ALOP प्राप्त गर्न सकेको प्रमाण पेश गरेमा आयात गर्ने देशले ती उपायहरुलाई समभारताको रुपमा लिनु पर्नेछ । आवश्यक परेको खण्डमा प्राविधिक सूचना उपलब्ध गराउने, वैकल्पिक उपायहरुले तोकिएको शत्रुजीवको नियन्त्रणमा आयत गर्ने देशले तोकेको ALOP प्राप्त गरेको कुरा वस्तुगत रुपबाट प्रदर्शन गर्नु पर्ने जस्ता जिम्मेवारी निर्यात गर्ने देशले पुरा गर्नुपर्दछ ।

तल प्रस्तुत गरिएको उदाहरणमा नेपालमै रहेका विरुवा संरक्षणको उचित तह ALOP पुरा गर्न (क्वारेन्टाइन शत्रुजीवको जोखिम न्यून गर्नका लागि) काठजन्य प्याकेजिङ सामाग्री वोक्रा रहित हुनु पर्नेछ भन्ने नेपालको आवश्यकता छ । NPQP, PPD, DOA, MOAD ले प्रयोग गर्नुपर्ने हुन्छ । तयार पारेका प्रक्रिया ।

बोक्रा रहित काठजन्य प्याकिङ सामग्रीको आवश्यकताको निम्न वुंदाहरुबाट पुष्ट्याई गर्न सकिन्छ :

क. हेरेर गरिने निरीक्षण प्रक्रियालाई बढावा दिन्छ ।

ख.  मिथाइल ब्रोमाइडको फ्यूमिगेशनले वोक्राको प्रभावलाई हटाउँछ, र उपचारको असफलतालाई न्यून गर्छ ।

ग. खाना आश्रयाको लागि वोक्रामा निर्भर हुने क्वारेन्टाइन शत्रुजीवहरु मे प्रवेशको जोखिमलाई न्युनिकरण गर्दछ ।

घ. उपचार पश्चात संक्रमण र पुनः संक्रमणको जोखिमलाई न्यून गर्दछ ।

ङ. माटो जनित शत्रुजीवहरुको प्रवेशको जोखिम र अन्य शत्रुजीवको प्रदुषणलाई न्यून गराउँछ ।

क्वारेन्टाइन निरीक्षणको अवधिमा वोक्राभित्र लुकेर वस्ने शत्रुजीवहरुको कारणवाट अनुगमन प्रभावकारी नहुने नियन्त्रण समस्या हुने भएकोले वोक्रा हटाउनु जरुरी छ ।

३.२.४ विरुवा स्वस्थताको उपायहरुको समभारताको अवलम्बनमा भेदभावरहित व्यवहार सम्झौता गरिएका साझेदारहरुले विना भेदभाव तुलना गर्न योग्य र अन्तर्राष्ट्रिय  विरुवा स्वस्थताको अवस्थाहरु विना भेदभाव लागु गर्नुपर्नेछ । यदि अन्य सम्झौता गरेका समूहहरुले आफ्नो विरुवा स्वस्थताको अवस्था र समान वा समभारित विरुवा स्वस्थताको उपायहरु अवलम्बन गरिएको छ भनी प्रदर्शन गरेको खण्डमा IPPC(1997) अनुसार विना भेदभाव विरुवा स्वस्थताको उपायहरु लागु गर्नु पर्नेछ । जब एउटासम्झौता साथै साझेदारलाई विरुवा स्वस्थताको समभारता, काटेको होइन उस्तै खालको विरुवा स्वस्थताको अवस्था भएको र समान अवस्थाको उस्तै वस्तु वस्तुको स्तर वा शत्रुजीवको लागि अन्य सदस्य राष्ट्रहरुलाई पनि गर्नु पर्ने हुन्छ तब मात्र भेदभाव रहित व्यवहारको सिद्धान्त लागु भएको मानिन्छ , त्यसकारण  भेदभाव रहित व्यवहार छ भनि आयात गर्ने देशले सुनिश्चित गर्नु पर्ने हुन्छ । यो कुरा उस्तै  खालको विरुवा स्वस्थताको अवस्था भएको तेश्रो मुलुकका लागि पनि लागु हुन्छ । विरुवा स्वस्थताको उपायहरु सधै शत्रुजीवको अवस्था र विरुवा स्वस्थताको निगमन पद्धति (निर्यात गर्ने देशको), नीति र प्रक्रियाहरु संग सम्बन्धित रहेर विचार पुऱ्याउनु पर्ने हुन्छ र गर्नु पर्नेछ ।

३.२.५.**सूचनाको आदान प्रदान**

जुनसुकै सदस्य राष्ट्रहरुल साझेदारहरुले अनुरोध गरेको खण्डमा अन्य साझेदारहरुलाई विरुवा आवश्यकताहरुको सारांश पुस्ट्याई (IPPC को धारा ७. २ (ग) उपलब्ध गराउनुपर्नेछ र व्यवहारिक हद सम्म सहयोग गर्नुपर्नेछ,। PRA को लागि आवश्यक प्राविधिक र जैविक सुचना प्रदान गरेर सहयोग पुर्‍याउनुपर्दछ  (धारा ८ ग IPPC)।

३.२.६ प्राविधिक सहयोग

विकासशील देशहरुका लागि स्वस्थता र विरुवा स्वस्थता (SPS) सम्झौतामा भएका नियमहरुको बुझाई सुधार्न र प्राविधिक र वैज्ञानिक क्षमता प्राप्त गर्न SPS मा भएका वाध्यताहरु पुरा गर्न र आफ्ना अधिकारहरु लागु गर्नका लागि प्राविधिक सहयोग आवश्यकता पर्दछ ।

३.२.७ समयको चुस्तता

सम्झौता गरिएका साझेदारहरुले विरुवा स्वास्थताका उपायहरु निर्धारिण गर्न र कुनै फरकपन देखिएका त्यसको समाधानका लागि अनावश्यक ढिला सुस्ती विना पूर्ण प्रयासरत रहनुपर्दछ ।

## ४. समभारताको सप्रयोगका लागी विशिष्ट आवश्यकताहरु

### ४.१ तोकिएको खास शत्रुजीव र वस्तुहरु

आयात गर्ने देशले तोकिएको शत्रुहरुको वस्तुहरु लागि विरुवा स्वास्थताको वैकल्पिक उपायहरु पहिचान गर्नु पर्नेछ र निर्यात गर्नु पर्ने देशले प्रस्तावित गरेको उपायहरुलाई समभारको रुपमा लिनुपर्नेछ । जब ती उपायहरु आयात गर्ने देशले निर्धारण गरेका ALOP प्राप्त गर्न सक्षम छन भनी प्रदर्शन गरिन्छ ।

### ४.२. विद्यमान उपायहरु

विद्यमान र प्रस्तावित विरुवा स्वस्थताका उपायहरुको तुलनामा निर्यात र आयात गर्ने देशहरुले ती उपायहरुको निश्चित शत्रुजीव जोखिमलाई सिमित गर्नका लागि क्षमताको मुल्यांकन गर्नुपर्नेछ । प्रायः जसो निर्यात गर्ने देशको NPPO ले आयात गर्ने देशको NPPO लाई वैकल्पिक उपायहरु प्रस्ताव गर्दछ । जहां नयाँ वस्तु वर्गहरु आयातका लागि उपस्थित हुन्छन र कुनै उपायहरु विद्यमान छैन भने सम्झौता गरिएका साझेदारहरुले NSPM: PRA For quarantine pests, including analysis of environmental risk and LMOs, NSPM: PRA for RNQPs का आधारमा सामान्य PRA प्रक्रियाका लागि सिफारिस गर्नुपर्नेछ ।

### ४.३. परामर्शमा प्रवेश

समभारताको निर्धाराणका लागि सम्झौता गरिएका साझेदारहरुलाई परामर्शका लागि प्रवेश गर्न यदि अनुरोध भएको खण्डमा प्रोत्साहित गरिएको छ ।

### ४.४ समर्थित प्रक्रिया

यसले अन्तर्राष्ट्रिय व्यापारमा समभारता निर्धारणका लागि प्रक्रियाहरु व्याख्या गर्दछ । सम्झौता गरिएका साझेदारहरु समभारता निर्धारण गर्नका लागि अपनाईने प्रक्रियाहरुमा समर्थन हुनु पर्ने छ । द्विपक्षीय व्यापार सम्झौताले पारदर्शिताको सिद्धान्तलाई मजवुत वनाउन महत्वपूर्ण भूमिका खेलेका हुन्छ । यो मापदण्डको अनुसुची १ मा सिफारिस गरिएको प्रक्रियामा यो कुरा आधारित हुन्छ वा अन्य द्विपक्षिय समर्थित प्रक्रियामा आधारित हुन्छ ।

### ४.५ समभारता निर्धारणमा विचार पुऱ्याउनुपर्ने कुराहरु

समभारता निर्धारणमा कानुनी र प्रशासनिक पद्धतिहरु, अन्य कुराहरु जस्तै सम्बन्धित प्रतिस्पर्धी आधिकारिक निकायहरुको कार्यशैली र अन्य आवश्यक मुल्यांकनहरु वा परिक्षणहरु विचार पुऱ्याउनुपर्ने हुन्छ । यद्यपी विरुवा स्वस्थताको उपायहरुको समभारताका लागि प्रभाव पार्ने थुप्रै कुराहरु छन । ती निम्न कुराहरु हुन सक्छनः

क. प्रयोगशाला वा फिल्डको अवस्थामा उपायहरुले प्रदर्शन गरेका असरहरु/प्रभाव

ख. सम्बन्धित विषयवस्तुको जाँच उपायहरुको असरका सम्बन्धमा

ग. व्यावहारिक रुपमा अवलम्वन गर्दा देखिएका नतिजाहरु

घ. उपायहरुको कार्यान्वयनका लागि प्रभाव पार्ने तत्वहरु (जस्तैः सम्झौता गरिएका साझेदारहरुको नीति र प्रक्रियाहरु)

आयात निरीक्षण र नियमन गरिएका शत्रुजीवहरुको आगमन र फैलावट रोक्नका लागि विरुवा स्वस्थताको आयात नियमन उपायहरुको प्रभावकारी कार्यान्वयन र आयात निरीक्षणसँग सम्बन्धित समभारता नियमन पद्धतिका लागि राष्ट्रिय प्लान्ट क्वारेन्टाइनले प्लान्ट क्वारेन्टाइन अधिकृतहरुको लागि वार्षिक ब्रठक आयोजना गर्नु पर्ने हुन्छ । ।

## ४.६ व्यापारको रोकावट रहित

समभारताको पहिचानको उद्देश्य व्यापारको रोकावटलाई न्यूनिकरण गर्नुका लागि हुनु पर्ने छ । जब विरुवाको स्वास्थ्य संरक्षण गरिन्छ र विरुवा जन्य पदार्थको । प्रभावकारी र क्षमतायुक्त जोखिममा आधारित स्वरुपलाई सहजीकरण गर्ने र आयात र निर्यात गर्ने देशहरुलाई पारदर्शिता तुल्याउने भविष्यवाणी गर्न सक्ने हुनुपर्दछ ।

## ४.७ पहुंचको प्रावधान

आयात गर्ने देश (सम्झौता साझेदारहरु) को समभारता अनुरोधलाई सहयोग गर्नका लागि, निर्यात गर्ने सम्झौता गरिएका दलहरु सम्बन्धित क्षेत्रमा गै कुनै समीक्षा गर्न, निरीक्षण वा समभारता निर्धारणको लागि प्रकाशित गर्नका लागि पहुंचको व्यवस्था मिलाईदिनुपर्नेछ ।

## ४.८ समीक्षा र अनुगमन

समभारताको पहिचान गरे पश्चात र समभारताको व्यवस्थापनका नियमित आत्मविश्वास प्रदान गर्नका लागि सम्झौता गरिएका साझेदारहरुले विरुवा स्वस्थताको समान उपायहरुलाई अपनाईने समान समीक्षा र अनुगमन प्रक्रियाहरुको कार्यान्वयन गर्नुपर्नेछ । यिनीहरुका प्रमाणित प्रक्रियाहरु जस्तैः परीक्षण, आवधिक जाँच, समरुपीकरण नखाएका कुराहरुको प्रतिवेदन -ISPM १९: २००१ वा प्रमाणीकरणका अन्य रुपहरु हेर्नुहोस) ।

## ४.९ कार्यान्वयन र पारदर्शिता

यसको उद्देश्य भनेको सदस्य राष्ट्रहरुको स्पष्टता अनुमान र (व्यापार नीति,नियमहरु र नियमावलीहरुका बारेमा सुचना) प्राप्त गर्नु हो । आवश्यक पारदर्शिता प्राप्त गर्नका लागि, नियमावलीहरु र सम्बन्धी प्रक्रियाहरुको सुधार गर्नु पर्नेछ र अन्य इच्छुक सम्झौता गरिएका साझेदारहरुलाई उपलब्ध गराउनुपर्नेछ।

## अनुसुची १: समभारता निर्धारणका लागि प्रक्रियाहरु

समभारता लागु गर्नको लागि छिनोफानो गर्नका लागि गर्नुपर्ने कुनै एउटामात्रै चरणका तह छैन । सामान्यतया: व्यापार साझेदारले तहहरु विभिन्न परिस्थिति र व्यापारिक अनुभवका आधारका छनौट गर्दछन । समभारता निर्धारण एउटा तरिका हो जहाँ विरुवा स्वस्थताको उपायहरुका लागि विस्तृत सूचना संकलन गरिन्छ । व्यापार साझेदारले अवलम्बन गर्ने तरिका परिस्थिति अनुसार फरक पर्न सक्छ

यद्यपि तल उल्लेखित अर्न्तक्रियात्मक विधिद्धारा प्रस्तावित समतुल्य विरुवा स्वस्थताको विश्लेषण गरिन्छ र सिफारिस गरिएका चरणहरु यस प्रकार छन् :

१. निर्यात गर्ने देशले तोकिएको वस्तु, नियमन गरिएको सम्बन्धित शत्रुजीव र प्रचलित र प्रस्तावित वैकल्पिक उपायहरुको उल्लेख गरी आफ्नो व्यापारिक साझेदारसंग समभारता निर्धारण सम्बन्धमा आफ्नो रुची राख्छ । सोहि समयमा आयात गर्ने देशबाट प्रचलित उपायहरुको प्राविधिक पुस्ट्याईको लागि पनि अनुरोध गर्न सक्छ ।

२. आयात गर्ने गरिएको साझेदारले प्रचलित उपायहरुको बारेमा वैकल्पिक उपायहरुसँग तुलना गर्न सकिने गरी व्याख्या गर्नुपर्नेछ । आयात गर्नेसाझेदारले निम्न कुराहरुमा विचार पुऱ्याउनुपर्नेछ ।

क. विरुवा स्वस्थताको उद्देश्य, विशेष (खास) शत्रुजीव जोखिमको पहिचान जसको नियन्त्रणका लागि यी उपायहरु प्रयोग गरिएका छन ।

ख. प्रचलित उपायहरु वा वैकल्पिक उपायहरु जुन समभारताको लागि प्रस्ताव गरिएको छ, तिनीहरुले आयात गर्ने सम्झौता साझेदारीको ALOP लाई कसरी प्राप्त गर्न सक्छ त्यसलाई ध्यान पुर्याउनु पर्दछ ।

ग. PRA सहित प्रचलित विरुवा स्वस्थताको उपायहरुको लागि प्राविधिक पुस्ट्याई,

घ. अन्य कुनै अतिरिक्त जानकारी जसले निर्यात गर्ने देशको साझेदारलाई प्रस्तावित उपायले आयात गर्ने देशको साझेदारको उचित तहको संरक्षण प्राप्त गऱ्यो भनी प्रदर्शन गर्न सहयोग गरोस ।

३. आयात गर्ने सम्झौता साझेदारले पर्याप्त प्राविधिक जानकारी कानुनी । नियमन पूर्वाधारहरु जुनले विरुवा स्वस्थताको समभारता प्रदर्शन गर्छ र सो सहित उपलब्ध गराउनु पर्छ र समभारताका लागि अनुरोध गर्दछ । यी सूचनाहरु आयात गर्ने साझेदारले दिएका जानकारीहरु सँग तुलना गर्न मिल्ने खालको रुपमा हुनु पर्छ र आयात गर्ने देशले गर्ने मुल्यांकनमा सहजीकरण पनि गर्न सक्ने खालको रुपमा हुनुपर्छ । यसका लागि निम्न तत्वहरु समावेश भएको हुनुपर्नेछ :

क) प्रस्तावित वैकल्पिक उपायहरुको व्याख्या

ख) उपायहरुको प्रभावकारिता

ग) निर्यातकर्ता मुलुकको प्रस्तावित वैकल्पिक उपायहरु समकक्षको रुपमा कसरी आयातकर्ता मुलुकको समान तहको उपयुक्त संरक्षण प्रदान गर्दछ भनि प्रदर्शन गर्न सक्नुपर्दछ ।

घ) विशेष जानकारी र आवश्यकताहरु कसरी मुल्यांकन गरिएको थियो । (जस्तैः सुविधाहरु,सामाग्रीहरु, तरिका, प्रक्रिया, प्रयोगशाला जाँच, तथ्यांकीय विश्लेषण, व्यवहारिक कार्य अनुभव) र व्यवहारमा उपायहरुको कार्यशैली ।

ङ) प्रस्तावित वैकल्पिक उपायहरु र आयात गर्ने प्रचलित उपायहरु वीच समान शत्रुजीव जोखिमका लागि तुलना ।

च) प्रस्तावित वैकल्पिक उपायहरुको प्राविधिक र कार्य सम्भवको सुचना ।

छ) पूर्वाधारहरुः कानुनी आधार (जस्तै, विरुवा स्वास्थ्य कानुन) र प्रशासनिक प्रणाली (जस्तै : राष्ट्रिय र क्षेत्रीय विरुवा स्वास्थ्य आधिकारिक संघ/संगठनहरु, आकस्मिक प्रत्युत्तर संघ/संस्थाहरु)।

ज) कार्यक्रम योजना/कार्यन्वयनः प्रणालीहरुको अभिलेखीकरण, कार्यशैली र निर्णय सीमा, प्रयोगशालाको क्षमता, र प्रमाणीकरणका लागि प्रावधान, लेखापरीक्षण र जारी गर्ने ।

झ) निर्यात गर्ने देशले समभारताका लागि आयात गर्ने देशले सहजसाथ जाँचपड्ताल र निर्णय गर्न सक्ने गरी पेश गर्नुपर्नेछ ।

४. तल उल्लेखित वुदाहरुमा मात्र सीमित नभइ आयातकार्ता मुलुकले प्राप्त प्रस्तावित वैकल्पिक समकक्ष विरुवाको स्वस्थताका उपायहरुको मुल्यांकन एकरुपता, पारदर्शिता र उद्धेश्यमुखी तवरले गर्नुपर्दछ ।

क) निर्यातकार्ता मुलुकले आयातकर्ता मुलुकलाई प्रस्तावित वैकल्पिक उपायहरु पेश गर्ने ।

ख) आयातकर्ता मुलुकसँग आफ्नो मुलुकको ALOP तयार गर्ने अधिकार रहन्छ ।

ग) विशेष शत्रुजीवको जोखिम न्युनीकरण, निषेध वा रोकथाम गर्ने प्रस्तावित वैकल्पिक विरुवा स्वस्थताको उपाय सम्बन्धी ।

घ) प्रस्तावित वैकल्पिक विरुवा स्वस्थताको उपायहरुको संचालन गर्ने विधि र आर्थिक अवस्थाको संभावना निर्क्यौल ।

५. प्रशासनिक कार्यवोझलाई न्युनीकरण र सहजीकरण गर्नको लागि अन्तरकृयात्मक विधि र सूचनाको आदानप्रदान समर्थित प्रकृयाद्धारा सूचना संकलनमा सीमितता ।

६. निर्यातकर्ता मुलुकको आग्रहमा आयातकर्ता मुलुकले प्राविधिक पुष्ट्याई सहित निर्णयको उपलब्धता गराउने ।

७. द्धिपक्षीय वार्ताको माध्यमवाट वैकल्पिक उपायहरु समाधान गर्न प्रयास गर्नुपर्ने ।

८. यदि आयातकर्ता मुलुकले समकक्ष वैकल्पिक उपायहरुलाई मान्यता प्रदान गरेमा आवश्यकता अनुसार आयात सम्वन्धी नियमहरु र अन्य कुनै तरिका संसोधन गरी कार्यान्वयनार्थ र संशोधीत विवरण निर्यातकर्ता मुलुकलाई सम्प्रेषण गर्नुपर्ने ।

## Annex 1: Procedure for equivalence determination

There is no single sequence of steps which must be followed in all judgments of equivalence. The steps that trading partners choose will generally depend on the circumstances and their trading experience. Equivalency determination is the methods by which we collect detailed information for phytosanitary measures. The procedure that trading partners utilize to determine equivalence may vary depending on the circumstances. However, the interactive procedure described below is recommended for assessing phytosanitary measures that are proposed as equivalence.

**Recommended steps are:**

(1) The exporting contracting party communicates its interest in an equivalence determination to its trading partner, indicating the specified commodity, the regulated pest of concern and the current and proposed alternative measures. At the same time it may request from the importing contracting party the technical justification for the existing measures.

(2) Importing contracting party should describe its existing measures in terms that will help to facilitate a comparison with alternative phytosanitary measures. To the best of its ability, the information provided by importing contracting party should include following:

(a) the purpose of the phytosanitary measures, including identification of the specific pest risk that these measures are being used to mitigate.
(b) how the existing phytosanitary measures or alternative sanitary measure(s) proposed as equivalent provide the importing contracting party's appropriate level of protection?
(c) the technical justification for the existing phytosanitary measures, including the PRA where appropriate.
d) any additional information that may assist the exporting contracting party in demonstrating that the proposed measures achieve the importing contracting party's appropriate level of protection.

(3) The exporting contracting party should provide adequate technical information including legal and regulatory infrastructure that it demonstrates equivalence of phytosanitary measures, and makes a request for equivalence. This information should be in a form suitable for comparison with the information provided by the importing contracting party and which therefore facilitates the necessary evaluation by the importing contracting party. This should include the following elements:

(a) the description of the proposed alternative measures
(b) the effectiveness of the measures
(c) exporting country should be able to demonstrate objectively how the alternative measure(s) proposed as equivalent will provide the same level of protection.
(d) specific information and requirements on how the measures were evaluated (e.g. facilities, equipments, processes, procedures, laboratory testing, statistical analysis, practical operational experience), and the performance of the measures in practice.
(e) a comparison between the proposed alternative measures and the importing contracting party's existing measures for same pest risk
(f) information on technical and operational feasibility of the proposed alternative measures.

(g) infrastructure: including the legislative base (e.g. plant health law) and administrative systems (e.g.organisation of national and regional plant health authorities, emergency response organisations)

(h) programme design/implementation: including documentation of systems, performance and decision criteria, laboratory capability, and provisions for certification, audit and enforcement

(i) the exporting country should present a submission for equivalence in a form that facilitates judgement by the importing country.

4) The importing contracting party receives and evaluates the proposed alternative phytosanitary measures for equivalence in a timely, consistent, transparent and objective manner, and according to appropriate risk assessment principles, taking into account, but not being limited to following:

(a) the submission from the exporting contracting party, including supporting information regarding the effectiveness of the proposed alternative measures

(b) an importing country has the right to set the level of protection it deems appropriate (its ALOP) in relation to plant life and health in its territory; this ALOP may be expressed in qualitative or quantitative terms

(c) information regarding the method, action and operation of the proposed alternative phytosanitary measures in preventing or reducing the specified pest risk

(d) the operational and economic feasibility of adopting the proposed alternative phytosanitary measures.

During the evaluation further clarification may be required. Additional information and/or access to operational procedures may be requested by the importing contracting party in order to complete the assessment. The exporting contracting party should respond to any technical concerns raised by the importing contracting party by providing relevant information and/or providing access to relevant information or sites to facilitate reviews, inspections or other verifications necessary for making an equivalence determination.

(5) An interactive process should be followed that applies a defined sequence of steps, and utilises an agreed process for exchange of information, so as to limit data collection to that which is necessary, minimise administrative burden, and facilitate resolution of claims

(6) The importing contracting party should notify the exporting contracting party of its decision and provides, upon request, an explanation and technical justification for its determination as quickly as possible.

(7) Rejection of the case for equivalence of the alternative measure(s), efforts should be made to resolve differences of opinion through bilateral dialogue.

(8) If equivalence is recognized by the importing contracting party, implementation should be achieved by the prompt amendment of the import regulations and any associated procedures of the importing contracting party. The amendments should be communicated in accordance with Article VII.2 (b) of the IPPC.